बोलपत्र फाराम नं

# एन.टि.भि इटहरी

कार्यक्रम समय विक्री/प्रायोजन/समाचार प्याकेज विक्री /विभिन्न समाचार प्रायोजनको लागि

............./समय /वार

आ.व. २०७७/२०७८ को लागि

**प्रस्ताव आह्वान**

...........................

दस्तखत तथा कार्यालयको छाप

नेपाल टेलिभिजन

एन.टि.भि इटहरी ,सुनसरी

फोन: ०२५५८८०८२,५८००८३

**शुल्क रु......... ।- (अक्षेरुपी ............. मात्र)**

श्री एन.टि.भि.इटहरी

सुनसरी

विषय : शीलबन्दी गोप्य प्रस्ताव पेश गरेको सम्बन्धमा ।

म/हामी यस वोलपत्र फाराममा उल्लेखित शर्तहरु तथा विवरण बमोजिम कार्य गर्ने वारेको गोप्य शीलबन्दी पत्रमा दस्तखत गरी शीलबन्दी प्रस्ताव पेश गरेको छु/छौं । फाराममा लेखिएको विवरण तथा शर्तहरु पूर्ण रुपले पालना गर्न मन्जुर गर्दछु/छौं ।

मिति : २०७७ ।

**वोलपत्र खरिदकर्ताको**

दस्तखत :

नाम :

कम्पनी/फर्मको नाम :

ठेगाना :

कम्पनी/फर्मको छाप :

**आ.ब. ०७७/७८ को लागि सबै समाचार प्याकेज खरिद सम्बन्धि वोलपत्र दाखिला गर्दा पालन गर्नुपर्ने शर्तहरुः-**

**१ वोलपत्र फारम सम्वन्धी जानकारी ।**

क. वोलपत्र फाराम एन.टि.भि.इटहरी, सुनसरीवाट निम्नानुसार शुल्क बुझाई वोलपत्र आव्हानको लागि सूचना प्रकाशित भएको मिति देखि १५ दिन भित्र कार्यालय समय सम्म खरिद गर्न सकिने छ । वोलपत्र फारम खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयसम्म खरिद गर्न सकिनेछ ।

- बार्षिक रु. २० लाखसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु १०००।-(अक्षरेपी एक हजार मात्र )
- बार्षिक रु. २० लाख भन्दा माथि रु २ करोडसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु ३,०००।- (अक्षरेपी तीन हजार मात्र )
- बार्षिक रु. २ करोड भन्दा माथि १० करोडसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु ५,०००।- (अक्षरेपी पांच हजार मात्र)
- बार्षिक रु. १० करोड भन्दा माथि न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु १०,०००।- (अक्षरेपी दश हजार मात्र)

ख. बोलपत्रदाताले समाचारमा बिज्ञापन प्याकेज खरिदका लागि यसैसाथ संलग्न अनुसुचि २ वमोजिमको फारम भर्नु पर्नेछ ।

घ. रितपूर्बकको सिलवन्दी गोप्य प्रस्ताव प्रथम पटक सूचना प्रकाशित मितिले १५ औ दिनको भोलिपल्ट दिनको १२.०० बजे सम्ममा एन.टि.भि.इटहरी, सुनसरीमा दर्ता गराईसक्नु पर्नेछ । पेश भएका वोलपत्रहरु सोहि दिनको २:०० वजे संस्थान तथा बोलपत्रदाताको प्रतिनिधिको उपस्थितिमा वोलपत्र खोलिनेछ । वोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा परेको मानिने छैन । सिलवन्दी गोप्य प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन तोकिएको समयसम्ममा प्रस्ताव दर्ता तथा वोलपत्र खोल्ने काम गरिनेछ ।

**२. बोलपत्रसाथ पेश गर्नु पर्ने कागजातहरुः-**

(क) नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको फर्म, साझेदारी वा कम्पनी संचालन ईजाजतको प्रमाणपत्रको नोटरीवाट प्रमाणित छाँया प्रति ।

(ख) फर्म, साझेदारी वा कम्पनीको शेयरपुंजी संरचना खुल्ने कागजातको नोटरीवाट प्रमाणित छायाँ प्रति ।

(ग) साझेदारी वा कम्पनी भए सम्बन्धीत साझेदारहरु वा संचालकहरुको नाम ठेगाना खुलेको कागजपत्रको नोटरीवाट प्रमाणित छायाँ प्रति ।

(घ) नेपाल टेलिभिजनमा एजेन्सी दर्ता/नविकरण गरेको भए सोको प्रमाणको नोटरीवाट प्रमाणित छायाँ प्रति ।

(ङ) मुल्य अभिवृद्धिकर, PAN दर्ता प्रमाणपत्र र आ.व. २०७५।७६ को कर चुक्ता गरेको कर कार्यालयवाट प्रदान गरिएको कर चुक्ता प्रमाणपत्र वा आय विवरण पेश गरेको कागजातको नोटरीवाट प्रमाणित छायाँ प्रति ।

(च) वोलपत्रदाता कम्पनी भए वोलपत्र पेश गर्न र सम्झौतामा हस्ताक्षर गर्ने अधिकार प्राप्त आधिकारीक ब्यक्ति तोकिएको कम्पनीको माइन्युटको नोटरीवाट प्रमाणित प्रतिलिपि र अख्तियारनामा वा फर्म वा साझेदार भए प्रतिनिधि तोकिएको पत्र।

(छ) अधिकार प्राप्त ब्यक्तिको नागरिकताको प्रमाणपत्रको नोटरीवाट प्रमाणित छाँया प्रति र एक प्रति फोटो ।

(ज) कालोसूचीमा नरहेको ब्यहोराको स्वंयम घोषणा पत्र ।

**३. वोलपत्र मान्य हुने अवधिः-**

वोलपत्र मान्य हुने अवधि वोलपत्र पेश गर्ने अन्तीम मिति देखि ९० दिन रहनेछ ।

**४. धरौटि र**कमः-

वोलपत्रदाताले प्रस्ताव साथ वोलकवोल गरेको कुल वार्षिक रकमको दुई दशमलव पाँच प्रतिशत धरौटि वोलपत्र साथ पेश गर्नु पर्ने छ । धरौटी वापतको रकम सिलवन्दी वोलपत्र साथ संस्थानको नेबिल बैंक लि.इटहरीमा रहेको चल्ती खाता नं ००९०१०१७५०१७३२ मा जम्मा गरेको सक्कल प्रति भौचर वा वोलपत्र खोल्ने मितिले कम्तीमा १२० दिन म्याद भएको वाणिज्य बैंकबाट जारि भएको bid security पेश गर्नुपर्नेछ । वोलपत्रदाताले छुट्टा छुट्टै वोलपत्रको लागि छुट्टा छुट्टै धरौटी पेश गर्नुपर्नेछ ।

**५. निम्नलिखित रीत नपुगेको वोलपत्रमा कारबाही गरिने छैन ।**

क) वोलपत्रदाताले सम्वन्धित कार्यालयबाट खरीद गरेको वोलपत्र फारम भरी नआएको ।

ख) सिलबन्दी भई नआएको ।

ग) म्यादभित्र पेश हुन नआएको ।

(घ) वोलपत्र पेश गर्ने अधिकार प्राप्त आधिकारिक व्यक्तिको सहिछाप भई नआएको वा केरमेट भएको ठाँउमा प्रमाणित भई नआएको ।

(ङ) वोलपत्र आव्हान गरेको सूचना बमोजीम जमानत (धरौटी) वापतको रकम संलग्न नभएको ।

(च) बोलपत्रमा उल्लेख गरिएका शर्तहरु पूरा नगरिएका तथा थप शर्त राखि पेश गरिएको ।

(छ) वोलपत्रदाताबाट स्वार्थ वाझिने (Conflict of interest) भएमा वा जालसाजि गरेको ।

(ज) कुनै वोलपत्रदाताले आपसी मिलेमतो गरी वोलपत्र दाखिला गरेको ।

**६ नेपाल टेलिभिजनसंग सुरक्षित अधिकार :-**

प्राप्त प्रस्तावहरु कारण जनाई वा नजनाई नै स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने, वा पूर्ण रुपमा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नेपाल टेलिभिजनमा सुरक्षित रहनेछ । ,

**७ बोलपत्रदाताको लागि आवश्यक शर्तहरु**

क. वोलपत्रदाताले यसै साथ संलग्न अनुसूची १ (एक) मा उल्लेखित विवरण र यस वोलपत्र फारममा उल्लेखित शर्तहरुको आधारमा यसै साथ संलग्न अनुसूची २(दुई) वमोजिम प्रस्ताव पेश गर्नुपर्नेछ ।

ख . कबोल रकममा भिन्नता देखिएमा प्रति इकाई दरलाई मान्यता दिईनेछ । अंक र अक्षरमा लेख्दा रकम फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

ग. बोलकवोल अंकमा प्रचलित ऐन नियमानुसारको मूल्य अभिबृद्धि कर थप लाग्नेछ ।

घ. प्राविधिक रुपमा उपयुक्त र आर्थिक रुपमा अधिकत्तम वोलकवोल गर्ने रितपूर्वक प्राप्त सारभुतरुपमा प्रभावग्राही वोलपत्रदाताको वोलपत्र छनौट गरिनेछ ।

ङ बोलपत्रदाताले वोलपत्र स्वीकृत गर्ने आसयको सूचना सार्वजनिक भएको ७ दिन भित्र वोलपत्र सम्बन्धी निर्णयमा चित्त नबुझेमा सो निर्णय विरुद्ध पुनरावलोकनका लागि संस्थान प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

च. खण्ड घ. बमोजिम वोलपत्र स्वीकृत गर्ने आसयको सूचनाको विवरणमा वोलपत्रदाताको नाम, ठेगाना र रकमको जानकारी संस्थानको सूचना पाटीमा टाँस गरिनेछ, संस्थानको वेभसाईटमा राखिनेछ र स्थानीथ दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

छ. वोलपत्र स्वीकृत गर्ने आसयको सूचना सार्वजनिक भएको ७ दिन भित्र कुनै बोलपत्रदाताले निर्णय पुनरावलोकनका लागि निवेदन नगरेमा छनोट भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत भएको मानिनेछ र निजलाई ७ दिन भित्र सम्झौता गर्नका लागि कार्यसम्पादन जमानत दाखिला गर्न सूचना दिईनेछ । वोलपत्रदाताले न्यूनतम मूल्य भन्दा पन्ध्र प्रतिशतसम्म बढी अंक कबोल गरेमा बार्षिक कबोल अंकको ५ प्रतिशत र न्यूनतम मूल्यको पन्ध्र प्रतिशत भन्दा बढी कबोल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति बढी कबोल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबोल अंकको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नुपर्नेछ । यसरी जानकारी गराएको मितिले ७ दिन भित्र बोलकवोल गरेको कुल रकमको धरौटि (जमानत ) वा वोलकवोल गरेको अवधिभर मान्य रहने सो रकम वरावरको बैंक ग्यारेन्टी र आयलेखा शाखावाट जारी भएको नियमानुसारको उधारो सुविधा भित्र रहेको वा भुक्तानी चुक्ता भएको पत्र (Clearance letter) पेश गर्नु पर्नेछ ।

ज. वोलपत्र स्वीकृत भए पश्चात् तोकिएको समयभित्र सम्झौता नगरेमा धरौटी वा bid security बापत राखेको दुई दशमलब पाँच प्रतिशत धरौटी रकम जफत गरी सो भन्दा लगतै पछिको अर्को क्रमशः प्राविधिक रुपमा उपयुक्त र बढी बोलकबोल गर्ने सारभुतरुपमा प्रभावग्राही बोलपत्रदातासँग सम्झौता गरिनेछ ।

**८. आ.ब. ०७७/७८ को लागि सबै समाचारमा बिज्ञापन समय प्याकेज खरिद गरे वापत पाउने विज्ञापन समय सम्वन्धमा**

क यसै बोलपत्रको साथ संलग्न बिबरण फाराम (अनुसुचि १ विज्ञापन समय विकि) मा उल्लेख भए बमोजिम विज्ञापन प्रसारण समय पाउनेछ ।

ख. समाचार प्याकेजमा पहिलो प्याकेजको विज्ञापन पहिला प्रसारण गरी सोही अनुसार दोस्रो, तेस्रो, चौथो र पाँचौ वोलपत्रदाताको विज्ञापन क्रमश प्रसारण गरिने छ । समाचार प्रसारण हुनु भन्दा अघि प्रसारण गरिने प्याकेजको विज्ञापनको हकमा पाँचौं, चौथो, तेस्रो, दोस्रो र प्रथम स्थान अनुसार प्रसारण गरिनेछ ।

ग. समाचार प्याकेजमा प्रसारण हुने विज्ञापन दैनिक रुपमा एन.टि.भि इटहरीवाट विहान ९, दिउसो ३, साँझ ५ र साँझ ७ बजे समाचार बुलेटिनहरुमा प्रसारण गरिनेछ ।

ङ. संस्थानले हरेक समाचार शुरु हुनुभन्दा अगाडि १० सेकेण्डको एसोसिएट ट्याग भन्दा अगाडि वा समाचारको वीचमा आवश्यकता अनुसार सरकारी निकायहरु र राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुको विज्ञापन प्रसारण गर्न सक्नेछ ।

च. संस्थानले सबै समाचार अगाडिको ३० सेकेण्डको ५ वटा प्याकेज भन्दा पछाडी १० सेकेण्डको एसोसिएट ट्याग प्रसारण गर्नेछ । साथै अन्य ३० सेकेण्डको प्याकेजहरु वाहेक हेडलाईन समाचार दृष्य प्रायोजन, बाँकी समाचारको प्रायोजन आर्थिक समाचार, एस्ट्रोन र सटर एड को प्रसारण/प्रायोजन गराउन सक्नेछ । हरेक समाचारको अगाडि र पछाडिको समयमा पनि संस्थानले विज्ञापन प्रसारण गर्न सक्नेछ ।

छ. एन.टि.भि इटहरी राष्ट्रिय प्रसारण संस्था भएकोले अति महत्वपूर्ण सूचना तुरुन्तै जन समक्ष पुर्‍याउनु वा महत्वपूर्ण विशेष कार्यक्रमहरु प्रसारण गर्नु पर्दा वा प्रत्यक्ष प्रसारण गर्नुपर्दा विज्ञापन समय बिक्री गरिएको स्लट भएता पनि समाचार प्रसारण नभएको अवस्थामा समाचार प्याकेजमा प्रसारण हुने विज्ञापन स्वत प्रसारण हुने छैन, सो वापत कुनै क्षतिपूर्ति दिईनेछैन तर प्रसारण नभएको विज्ञापन जुन समयको हो, पछि सोही समयमा प्रसारण गर्न सकिनेछ र प्रसारण नभएको समयको शुल्क लिईनेछैन ।

ज. समाचार प्याकेजको विज्ञापन समय ५ वटा प्याकेजको शत प्रतिशत भन्दा वढी नहुने गरी थप विज्ञापन प्रसारण गर्न सकिनेछ र थप विज्ञापन प्रसारण गरेवापत समाचार प्याकेजको शुल्क अनुसारको दामासाही (Prorata ) अनुसार विल गरिनेछ ।

झ. अतिरिक्त शुल्क तिरेर ५ वटा प्याकेजको शत प्रतिशत थप गरी हुने विज्ञापन समय भन्दा वढी हुने गरी विज्ञापन प्रसारण गर्नुपर्ने अवस्था आएमा च्यानल प्रमुखको स्वीकृतिमा थप गर्न सकिनेछ ।

ञ. सम्झौताका आधारमा दैनिक रुपमा उपलब्ध गराइने निःशुल्क विज्ञापन समय भन्दा वढि वा कम खपत भएको अवस्थामा सोहि आ.व. भित्र समायोजन गरिनेछ । साथै आ.व २०७७।७८ भित्र खपत नभएको अवस्थामा कुनै प्रकारको क्षतिपुर्ति दिईने छैन ।

ट. सम्झौता अनुसार प्राप्त हुने कुल विज्ञापन समय भन्दा वढी विज्ञापन समय खपत भएमा वढी खपत भएको विज्ञापनको दामासाही (Prorata) का दरले थप विल गरिनेछ । यसरी हिसाब गर्दा सम्झौता अनुसारको कुल विज्ञापन समयलाई असार मसान्तसम्मको अवधिलाई आधार मानेर हिसाब गर्ने एवं सो अवधि भन्दा अगाडि नै सम्झौता अनुसारको कुल विज्ञापन समय खपत भएमा सोही अवधिमा दामाशाही (Prorata) को दरले थप विल गरिनेछ ।

ठ. वोलपत्रदाताले सम्झौता अनुसार प्राप्त गर्ने विज्ञापन समय सोही सम्झौता अनुसारको प्रायोजित कार्यक्रम, समाचार प्याकेज, समय खरिद गरी प्रसारण गरेको कार्यक्रममा खपत हुन नसकेको अवस्थामा वोलपत्रदाताले आफुले खरिद गरेको सोही च्यानलको जुनसुकै समयमा वा सोही च्यानलको खाली रहेको समयमा खपत गर्न पाउने गरी नगदमा मूल्यांकन ( Cash Value) का आधारमा आ. ब २०७७।७८ को असार मसान्तसम्मको अवधि सम्मको लागि समायोजन ( Cross Banking ) उपलब्ध गराईनेछ ।तर वार्षिक सम्झौतामा उल्लेख भएको FCT को कम्तिमा ३०% विज्ञापन सोही कार्यक्रममा खपत गर्नुपर्नेछ । संस्थानका कुनै च्यानलमा खपत गर्ने गरी भएको सम्झौता अनुसारको विज्ञापन समय सोही च्यानलमा खपत नभई संस्थानको अर्को च्यानलमा समायोजन (Cross channel Banking ) गर्दा ५० प्रतिशत भन्दा वढी समायोजन गर्न पाइने छैन ।

ड. विज्ञापन प्रसारण गरे बापत नेपाल सरकारलाई बुझाउनुपर्ने करको दायित्व दोस्रो पक्षको हुनेछ ।

ढ. वोलपत्रदाताले प्रसारणका लागि उपलब्ध गराएको बिज्ञापन संस्थानको बिज्ञापन प्रसारण नीति अनुरुप प्रसारण योग्य हुनु पर्नेछ ।

ण. वोलपत्रदाताले कार्यालय समय सकिनुभन्दा कम्तीमा ३ घण्टा अगाडि यस सम्झौता अनुसार प्रसारण गर्नुपर्ने विज्ञापन सामाग्री तथा विज्ञापन Order विज्ञापन शाखामा बुझाउनु पर्नेछ । तोकिएको समयमा प्राप्त हुन नआएका विज्ञापनहरु प्रथम पक्ष प्रसारण गर्न वाध्य हुने छैन ।

९. **सम्झौता कार्यान्वयन**

क. संस्थानको प्रचलित ब्यापार निर्देशिकामा उल्लेख भए वमोजिम प्रवर्द्धन प्रोत्साहनको ब्यवस्था, नगद छुट सुविधा र वोलकबोल रकममा १५% ब्यापारिक छुट उपलब्ध गराईनेछ ।

ख. संस्थानले स्वीकृत वोलपत्रदातासंग आ.ब. २०७७/७८ का लागि सम्झौता गर्नेछ र सम्झौता भएको मितिवाट बढीमा १५ दिन भित्र कार्यक्रम प्रसारण गरिसक्नुपर्नेछ ।

ग. स्वीकृत वोलपत्रदाताले संझौता वमोजिम कार्य नगरेमा वा कार्यक्रम छोड्न चाहेमा ब्यापार हेर्ने निकायले सम्झौताको वखत राखेको धरौटी जफतका लागि आयलेखा हेर्ने निकायमा पत्र पठाइ सम्झौता भंग गर्न सक्नेछ । संस्थानको प्रचलित ब्यापार निर्देशिका बमोजिम उधारो सुविधाको सिमा भित्र नरहेमा संस्थानले धरौटी जफत गरी संझौता भंग गर्न सक्नेछ ।

घ. वोलपत्र स्वीकृत भई सम्झौता गर्नुभन्दा अगाडि नियमानुसार पुरानो बाँकी बक्यौता भएमा चुक्ता गरिसकेको वा नियमानुसार उधारो सुविधा भित्र रहेको हुनु पर्नेछ ।

ङ वोलपत्रमा कवोल गरेवमोजिमको भुक्तानी प्रकृया संस्थानको प्रचलित ब्यापार निर्देशिका वमोजिम हुनेछ ।

च. संस्थानको नियमानुसार भुक्तानी प्राप्त नभएका कारणले वा एजेन्सी स्वयंमले सम्झौता अनुरुप कार्य नगरी सम्झौता भंग भएमा खपत नभई बाँकी रहन गएको सम्झौता अनुसारको कुनै पनि विज्ञापन समय पछि उपलब्ध गराईनेछैन ।

१० **अन्य**.

क सम्झौतामा उल्लेखित बुंदाहरुमा वा अन्य बिषयमा कुनै बिबाद भएमा आपसी समझदारीमा बिबादको टुङ्गो लगाईने छ । यसरी समझदारी कायम हुन नसकेको अवस्थामा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

ख कालो सुचीमा परेका एजेन्सी/संघ/सस्था/ब्यक्तिले वोलपत्रमा भाग लिन पाउने छैन । साथै वोलपत्रदाताले सोही ब्यहोराको लिखित घोषणा गर्नुपर्नेछ ।

ग. यस वोलपत्रका शर्तहरु सम्झौताको शर्तहरुको समेत अभिन्न अंग हुनेछन् ।

**अनुसुचि १**

**न्युनतम मूल्य र विज्ञापन समयको विवरण**

(क) समाचार प्याकेजको नामः- सबै समाचार अगाडि ३० सेकेण्ड ( ५ वटा प्याकेज) TS

(ख) विज्ञापन प्रसारण हुने स्थानः- दैनिक रुपमा प्रसारण हुने समाचारहरुमा विहान ९, दिउसो ३, साँझ ५ र साँझ ७ बजे

(ग) प्रसारण हुने विज्ञापन समय :- ३० सेकण्ड सबै समाचार अगाडि

(घ) अवधि- आर्थिक वर्ष २०७७ /०७८

(ङ) न्यूनतम रकमः- दैनिक रु.३०००।- (तिन हजार रुपिया मात्र ) ३० सेकेण्डको एउटा प्याकेजको लागि मु. अ.क बाहेक

(च) विज्ञापन प्याकेज प्रसारण हुने स्थान :-समाचार प्रसारण हुनु भन्दा अघि प्रसारण गरिने प्याकेजको विज्ञापनको हकमा पाँचौं, चौथो, तेस्रो, दोस्रो र प्रथम वोलपत्रदाताले कबोल गरे अनुसारको स्थान अनुसार प्रसारण गरिनेछ ।

**अनुसुचि १**

**न्युनतम मूल्य र विज्ञापन समयको विवरण**

(क) कार्यक्रमको नामः- सबै समाचारको बीच हेडलाईन ब्रेकमा ३० सेकेण्ड ( ५ वटा प्याकेज) TS

(ख) विज्ञापन प्रसारण हुने स्थानः- दैनिक रुपमा प्रसारण हुने समाचारहरुमा विहान ९, दिउसो ३, साँझ ५ र साँझ ७ बजे

(ग) प्रसारण हुने विज्ञापन समय :- हेडलाईन ब्रेकमा ३० सेकेण्ड

(घ) अवधि- आर्थिक वर्ष २०७७ /०७८

(ङ) न्यूनतम रकमः- दैनिक रु.८०००।-(आठ हजार रुपैया मात्र ) ३० सेकेण्डको एउटा प्याकेजको लागि मु.अ.क बाहेक

(ज) विज्ञापन प्याकेज प्रसारण हुने स्थान :- समाचार प्याकेजमा पहिलो वोलपत्र कबोल कर्ताको विज्ञापन पहिला प्रसारण गरी सोही अनुसार दोस्रो, तेस्रो, चौथो र पाँचौ वोलपत्रदाताको विज्ञापन क्रमश प्रसारण गरिने छ ।

**अनुसुचि १**

**न्युनतम मूल्य र विज्ञापन समयको विवरण**

. (क) कार्यक्रमको नामः- सबै समाचारको बीच पहिलो ब्रेकमा ३० सेकेण्ड-(कम्तीमा ५ वटा प्याकेज ) TS

(ख) विज्ञापन प्रसारण हुने स्थानः- दैनिक रुपमा प्रसारण हुने समाचारहरुमा विहान ९, दिउसो ३, साँझ ५ र साँझ ७ बजे

(ग) प्रसारण हुने विज्ञापन समय :- पहिलो ब्रेकमा ३० सेकेण्ड

(घ) अवधि- आर्थिक वर्ष २०७७/०७८

(ङ) न्यूनतम रकमः दैनिक ५०००।- (पाँच हजार रुपिया मात्र) ३० सेकेण्डको एउटा प्याकेजको लागि मु.अ.क बाहेक

(च) विज्ञापन प्याकेज प्रसारण हुने स्थान :समाचार प्याकेजमा पहिलो वोलपत्र कबोल कर्ताको विज्ञापन पहिला प्रसारण गरी सोही अनुसार दोस्रो, तेस्रो, चौथो र पाँचौ वोलपत्रदाताको विज्ञापन क्रमश प्रसारण गरिने छ ।

**अनुसुचि १**

**न्युनतम मूल्य र विज्ञापन समयको विवरण**

. (क) कार्यक्रमको नामः- सबै समाचारको बीच दोस्रो ब्रेक ३० सेकेण्ड प्याकेज -(कम्तीमा ५ वटा प्याकेज ) TS

(ख) विज्ञापन प्रसारण हुने स्थानः- दैनिक रुपमा प्रसारण हुने समाचारहरुमा विहान ९, दिउसो ३, साँझ ५ र साँझ ७ बजे

(ग) प्रसारण हुने विज्ञापन समय :- दोस्रो ब्रेकमा ३० सेकेण्ड

(घ) अवधि- आर्थिक वर्ष २०७७/०७८

(ङ) न्यूनतम रकमः दैनिक ३०००।- (तिन हजार रुपिया मात्र) ३० सेकेण्डको एउटा प्याकेजको लागि मु.अ.क बाहेक

(च) विज्ञापन प्याकेज प्रसारण हुने स्थान :समाचार प्याकेजमा पहिलो वोलपत्र कबोल कर्ताको विज्ञापन पहिला प्रसारण गरी सोही अनुसार दोस्रो, तेस्रो, चौथो र पाँचौ वोलपत्रदाताको विज्ञापन क्रमश प्रसारण गरिने छ ।

## अनुसुचि २

बोलपत्रदाताले भर्नुपर्ने आर्थिक विवरण

समाचार अघि र वीचको ३० सेकेण्ड बिज्ञापन समय प्याकेज खरिदकर्ताले भर्नुपर्ने विवरण

न्युनतम रकम भन्दा कम कबोल गरेको वोलपत्र मान्य हुने छैन ।

( अनुसूची एकमा उल्लेखित न्यूनतम मूल्यमा र निशुल्क प्राप्तहुने विज्ञापन समयको आधारमा तलको विवरण भर्नुहोला ।)

१. प्रसारण हुने च्यानल ..................................................

२. प्रसारण गर्ने विज्ञापन प्याकेजको नामः .......................................................

३. प्रति दिन कवोल रकम ( मु अ.क बाहेक) रु ....................

अक्षरेपी ...............................................................

४. वार्षिक कूल रकम ( मु अ.क बाहेक) रु. ........................................

अक्षरेपी ...............................................................

५. वार्षिक कवोल रकमको २.५ प्रतिसत बैंक भौचर /बैंक जमानीपत्र/ रु....................................

अक्षरेपी ...............................................................

६. नेपाल टेलिभिजनले उल्लेख गरेका शर्तहरुको पालना गर्न मेरो/हाम्रो मञ्जुरी छ ।

**वोलपत्रदाताको**

दस्तखतः

नामः

ठेगानाः

ईमेलः

फ्याक्सः

मितिः

कार्यालयको नामः

कार्यालयको छापः

**नोट :** पत्राचारका लागि बिधुतिय माध्यमको ठेगानाहरु भर्नु पर्नेछ ।

## आ.व. ०७७/०७८ को लागि एन.टि.भि.इटहरीमा प्रसारण समय बिक्री सम्वन्धी वोलपत्रका शर्तहरु

**१ वोलपत्र फारम सम्वन्धी जानकारी ।**

क. वोलपत्र फाराम एन.टि.भि.इटहरी, सुनसरीवाट निम्नानुसार शुल्क बुझाई वोलपत्र आब्ह्ानको लागि सूचना प्रकाशित भएको मिति देखि १५ दिन भित्र कार्यालय समय सम्म खरिद गर्न सकिने छ । वोलपत्र फारम खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयसम्म खरिद गर्न सकिनेछ ।

- बार्षिक रु. २० लाखसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु १०००।-(अक्षरेपी एक हजार मात्र )
- बार्षिक रु. २० लाख भन्दा माथि रु २ करोडसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु ३,०००।- (अक्षरेपी तीन हजार मात्र )
- बार्षिक रु. २ करोड भन्दा माथि १० करोडसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु ५,०००।- (अक्षरेपी पांच हजार मात्र)
- बार्षिक रु. १० करोड भन्दा माथि न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु १०,०००।- (अक्षरेपी दश हजार मात्र)

ख. बोलपत्रदाताले समाचारमा बिज्ञापन प्याकेज खरिदका लागि यसैसाथ संलग्न अनुसुचि २ वमोजिमको फारम भर्नु पर्नेछ ।

घ. रितपूर्बकको सिलवन्दी गोप्य प्रस्ताव प्रथम पटक सूचना प्रकाशित मितिले १५ औ दिनको भोलिपल्ट दिनको १२.०० बजे सम्ममा एन.टि.भि.इटहरी, सुनसरीमा दर्ता गराईसक्नु पर्नेछ । पेश भएका वोलपत्रहरु सोहि दिनको २:०० वजे संस्थान तथा बोलपत्रदाताको प्रतिनिधिको उपस्थितिमा वोलपत्र खोलिनेछ । वोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा परेको मानिने छैन । सिलवन्दी गोप्य प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन तोकिएको समयसम्ममा प्रस्ताव दर्ता तथा वोलपत्र खोल्ने काम गरिनेछ ।

**२. बोलपत्रसाथ पेश गर्नु पर्ने कागजातहरुः-**

(क) नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको फर्म, साझेदारी वा कम्पनी संचालन ईजाजतको प्रमाणपत्रको नोटरीवाट प्रमाणित छाँया प्रति ।

(ख) फर्म, साझेदारी वा कम्पनीको शेयरपुंजी संरचना खुल्ने कागजातको नोटरीवाट प्रमाणित छायाँ प्रति ।

(ग) साझेदारी वा कम्पनी भए सम्बन्धीत साझेदारहरु वा संचालकहरुको नाम ठेगाना खुलेको कागजपत्रको नोटरीवाट प्रमाणित छायाँ प्रति ।

(घ) नेपाल टेलिभिजनमा एजेन्सी दर्ता/नविकरण गरेको भए सोको प्रमाणको नोटरीवाट प्रमाणित छायाँ प्रति ।

(ङ) मुल्य अभिवृद्धिकर, PAN दर्ता प्रमाणपत्र र आ.व. २०७५।७६ को कर चुक्ता गरेको कर कार्यालयवाट प्रदान गरिएको कर चुक्ता प्रमाणपत्र वा आय विवरण पेश गरेको कागजातको नोटरीवाट प्रमाणित छायाँ प्रति ।

(च) वोलपत्रदाता कम्पनी भए वोलपत्र पेश गर्न र सम्झौतामा हस्ताक्षर गर्ने अधिकार प्राप्त आधिकारीक व्यक्ति तोकिएको कम्पनीको माइन्युटको नोटरीवाट प्रमाणित प्रतिलिपि र अख्तियारनामा वा फर्म वा साझेदार भए प्रतिनिधि तोकिएको पत्र।

(छ) अधिकार प्राप्त व्यक्तिको नागरिकताको प्रमाणपत्रको नोटरीवाट प्रमाणित छाँया प्रति र एक प्रति फोटो ।

(ज) कालोसूचीमा नरहेको व्यहोराको स्वंयम घोषणा पत्र ।

**३. वोलपत्र मान्य हुने अवधिः-**

वोलपत्र मान्य हुने अवधि वोलपत्र पेश गर्ने अन्तीम मिति देखि ९० दिन रहनेछ ।

**४. धरौटि र**कमः-

वोलपत्रदाताले प्रस्ताव साथ वोलकवोल गरेको कुल वार्षिक रकमको दुई दशमलव पाँच प्रतिशत धरौटि वोलपत्र साथ पेश गर्नु पर्ने छ । धरौटी वापतको रकम सिलवन्दी वोलपत्र साथ संस्थानको नेबिल बैंक लि.इटहरीमा रहेको चल्ती खाता नं ००९०१०१७५०१७३२ मा जम्मा गरेको सक्कल प्रति भौचर वा वोलपत्र खोल्ने मितिले कम्तीमा १२० दिन म्याद भएको

वाणिज्य बैंकबाट जारि भएको bid security पेश गर्नुपर्नेछ । वोलपत्रदाताले छुट्टा छुट्टै वोलपत्रको लागि छुट्टा छुट्टै धरौटी पेश गर्नुपर्नेछ ।

**५. निम्नलिखित रीत नपुगेको वोलपत्रमा कारबाही गरिने छैन ।**

क) वोलपत्रदाताले सम्वन्धित कार्यालयबाट खरीद गरेको वोलपत्र फारम भरी नआएको ।
ख) सिलबन्दी भई नआएको ।
ग) म्यादभित्र पेश हुन नआएको ।
(घ) वोलपत्र पेश गर्ने अधिकार प्राप्त आधिकारिक व्यक्तिको सहिछाप भई नआएको वा केरमेट भएको ठाँउमा प्रमाणित भई नआएको ।
(ङ) वोलपत्र आव्हान गरेको सूचना बमोजीम जमानत (धरौटी) वापतको रकम संलग्न नभएको ।
(च) बोलपत्रमा उल्लेख गरिएका शर्तहरु पूरा नगरिएका तथा थप शर्त राखि पेश गरिएको ।
(छ) वोलपत्रदाताबाट स्वार्थ वाभिmने (Conflict of interest) भएमा वा जालसाजि गरेको ।
(ज) कुनै वोलपत्रदाताले आपसी मिलेमतो गरी वोलपत्र दाखिला गरेको ।

**६ नेपाल टेलिभिजनसंग सुरक्षित अधिकार :-**

प्राप्त प्रस्तावहरु कारण जनाई वा नजनाई नै स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने, वा पूर्ण रुपमा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नेपाल टेलिभिजनमा सुरक्षित रहनेछ । ,

**७ बोलपत्रदाताको लागि आवश्यक शर्तहरु**

क. वोलपत्रदाताले यसै साथ संलग्न अनुसूची १ (एक) मा उल्लेखित विवरण र यस वोलपत्र फारममा उल्लेखित शर्तहरुको आधारमा यसै साथ संलग्न अनुसूची २(दुई) वमोजिम प्रस्ताव पेश गर्नुपर्नेछ ।

ख . कबोल रकममा भिन्नता देखिएमा प्रति इकाई दरलाई मान्यता दिईनेछ । अंक र अक्षरमा लेख्दा रकम फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

ग. बोलकवोल अंकमा प्रचलित ऐन नियमानुसारको मूल्य अभिबृद्धि कर थप लाग्नेछ ।
घ. प्राविधिक रुपमा उपयुक्त र आर्थिक रुपमा अधिकत्तम वोलकवोल गर्ने रितपूर्वक प्राप्त सारभुतरुपमा प्रभावग्राही वोलपत्रदाताको वोलपत्र छनौट गरिनेछ ।
ङ बोलपत्रदाताले वोलपत्र स्वीकृत गर्ने आसयको सूचना सार्वजनिक भएको ७ दिन भित्र वोलपत्र सम्बन्धी निर्णयमा चित्त नबुझेमा सो निर्णय विरुद्ध पुनरावलोकनका लागि संस्थान प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।
च. खण्ड घ. बमोजिम वोलपत्र स्वीकृत गर्ने आसयको सूचनाको विवरणमा वोलपत्रदाताको नाम, ठेगाना र रकमको जानकारी संस्थानको सूचना पाटीमा टाँस गरिनेछ, संस्थानको वेभसाईटमा राखिनेछ र स्थानीथ दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।
छ. वोलपत्र स्वीकृत गर्ने आसयको सूचना सार्वजनिक भएको ७ दिन भित्र कुनै बोलपत्रदाताले निर्णय पुनरावलोकनका लागि निवेदन नगरेमा छनोट भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत भएको मानिनेछ र निजलाई ७ दिन भित्र सम्झौता गर्नका लागि कार्यसम्पादन जमानत दाखिला गर्न सूचना दिईनेछ । वोलपत्रदाताले न्यूनतम मूल्य भन्दा पन्ध्र प्रतिशतसम्म बढी अंक कबोल गरेमा बार्षिक कबोल अंकको ५ प्रतिशत र न्यूनतम मूल्यको पन्ध्र प्रतिशत भन्दा बढी कबोल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति बढी कबोल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबोल अंकको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नुपर्नेछ । यसरी जानकारी गराएको मितिले ७ दिन भित्र बोलकवोल गरेको कुल रकमको धरौटि (जमानत ) वा वोलकवोल गरेको अवधिभर मान्य रहने सो रकम वरावरको बैंक ग्यारेन्टी र आयलेखा शाखावाट जारी भएको नियमानुसारको उधारो सुविधा भित्र रहेको वा भुक्तानी चुक्ता भएको पत्र (Clearance letter) पेश गर्नु पर्नेछ ।

ज. वोलपत्र स्वीकृत भए पश्चात् तोकिएको समयभित्र सम्झौता नगरेमा धरौटी वा bid security बापत राखेको दुई दशमलव पाँच प्रतिशत धरौटी रकम जफत गरी सो भन्दा लगतै पछिको अर्को क्रमशः प्राविधिक रुपमा उपयुक्त र बढी बोलकबोल गर्ने सारभुतरुपमा प्रभावग्राही बोलपत्रदातासँग सम्झौता गरिनेछ ।

**८ समय स्लट खरिद गरे वापत पाउने निशुल्क विज्ञापन सम्वन्धमा :-**

क यसै बोलपत्रको साथ संलग्न बिबरण फाराममा ( अनुसुचि १ ) उल्लेख भए बमोजिम विज्ञापन प्रसारण समय (FCT) पाउनेछ ।

ख. सम्झौताका आधारमा दैनिक रुपमा उपलब्ध गराइने निःशुल्क विज्ञापन समय भन्दा वढि वा कम खपत भएको अवस्थामा सोहि आ.व. भित्र समायोजन गरिनेछ । साथै आ.व २०७७।७८ भित्र खपत नभएको अवस्थामा कुनै प्रकारको क्षतिपुर्ति दिईने छैन ।

ग. सम्झौता अनुसार प्राप्त हुने कुल विज्ञापन समय भन्दा वढी विज्ञापन समय खपत भएमा वढी खपत भएको विज्ञापनको दामासाही (Prorata) का दरले थप विल गरिने छ । यसरी हिसाब गर्दा सम्झौता अनुसारको कुल विज्ञापन समयलाई असार मसान्तसम्मको अवधिलाई आधार मानेर हिसाब गर्ने एवं सो अवधि भन्दा अगाडि नै सम्झौता अनुसारको कुल विज्ञापन समय खपत भएमा सोही अवधिमा दामाशाही (Prorata) को दरले थप विल गरिनेछ ।

घ. वोलपत्रदाताले सम्झौता अनुसार प्राप्त गर्ने विज्ञापन समय सोही सम्झौता अनुसारको प्रायोजित कार्यक्रम, समाचार प्याकेज, समय खरिद गरी प्रसारण गरेको कार्यक्रममा खपत हुन नसकेको अवस्थामा वोलपत्रदाताले आफुले खरिद गरेको सोही च्यानलको जुनसुकै समयमा वा सोही च्यानलको खाली रहेको समयमा खपत गर्न पाउने गरी नगदमा मूल्यांकन ( Cash Value) का आधारमा आ. ब २०७७।७८ को असार मसान्तसम्मको अवधि सम्मको लागि समायोजन ( Cross Banking ) उपलब्ध गराईनेछ । तर वार्षिक सम्झौतामा उल्लेख भएको FCT को कम्तिमा ३०% विज्ञापन सोही कार्यक्रममा खपत गर्नुपर्नेछ । संस्थानका कुनै च्यानलमा खपत गर्ने गरी भएको सम्झौता अनुसारको विज्ञापन समय सोही च्यानलमा खपत नभई संस्थानको अर्को च्यानलमा समायोजन (Cross channel Banking ) गर्दा ५० प्रतिशत भन्दा वढी समायोजन गर्न पाइने छैन ।

ङ. अतिरिक्त शुल्क तिरेर प्रसारण गरिने विज्ञापन समय एवं सम्झौता अनुसार प्राप्त हुने विज्ञापन समय समेत कुल कार्यक्रम समयावधिको ४०% समय भन्दा बढी नहुने गरी विज्ञापन प्रसारण गर्न सकिनेछ । ४०% भन्दा वढी विज्ञापन प्रसारण गर्नु पर्ने अवस्था आएमा संस्थान प्रमुखको स्वीकृतिमा थप गर्न सकिनेछ ।

च. कार्यक्रम प्रसारण गरे बापत नेपाल सरकारलाई बुझाउने करको दायित्व वोलपत्रदाताको हुनेछ ।

**९ कार्यक्रम प्रसारण सम्वन्धमा**

क. समय उपलब्ध भएसम्म संस्थानको सुविधा अनुसार Prime Time का कार्यक्रमहरुलाई (बेलुका ७:०० बजे देखि १०:००बजेसम्मका) सम्भव भएसम्म संस्थानले अन्य समयमा विज्ञापन समय सहित निशुल्क पुनः प्रसारण गर्न सक्नेछ । यसरी पुनः प्रसारण गरिने कार्यक्रमहरु कारणवश प्रसारण नभएको अवस्थामा कुनै प्रकारको क्षतिपूर्ति दिइने छैन । अन्य स्लटका कार्यक्रमको हकमा एन.टि.भि.इटहरीको सुविधा अनुसार आवश्यकता र औचित्य हेरी पुनःप्रसारण गर्न सकिनेछ ।

ख. वोलपत्र प्रस्ताव स्वीकृत भई सम्झौता भईसके पश्चात प्रसारण भईरहेको कार्यक्रमको स्वीकृत कार्यक्रम भन्दा फरक कार्यक्रमलाई समय उपलब्ध गराउनु पर्दा वा प्रसारण भईरहेको कार्यक्रमको Format र नाम परिवर्तन गर्नुपरेमा च्यानल प्रमुखको स्वीकृतिमा गर्न सकिनेछ ।

ग. बोलपत्रदाताले प्रसारण गर्ने कार्यक्रममा एन.टि.भि.इटहरीको लोगो वाहेक अन्य कुनै पनि प्रकारको लोगो राख्न पाइने छैन ।

घ. यस कार्यक्रम प्रसारण अवधिमा ३ पटक स्कीनको तल्लो भागमा स्कोल राख्न पाइने छ । ३ पटक भन्दा वढी स्कोल राख्नु परेमा च्यानल प्रमुखको स्वीकृति लिनुपर्नेछ । तर स्कीनको माथिल्लो भागमा कुनै पनि स्कोल राख्न पाईनेछैन ।

ङ कार्यक्रमको स्तरबृद्धि, अनुगमन र प्रसारणयोग्य भए नभएको निर्धारण गर्ने अधिकार एन.टि.भि. इटहरीमा निहित भएको हुँदा सम्झौता पश्चात एन.टि.भि. इटहरीले प्रकृति र ढाचा अनुसार कार्यक्रम नआएमा सुधार गर्ने समय दिई सुधार भएको

आभास नभएमा सम्बन्धित पक्षलाई जानकारी गराई कार्यक्रम र ब्यापार निर्देशिका वमोजिम कार्यक्रम रोक्का गरी धरौटि जफत गरी सम्झौता भंग गर्न सकिनेछ ।

च. एन.टि.भि.इटहरी राष्ट्रिय प्रसारण संस्था भएकोले अति महत्वपूर्ण सूचना तुरुन्तै जन समक्ष पुर्‍याउनु वा महत्वपूर्ण विशेष कार्यक्रमहरु प्रसारण गर्नु पर्दा वा प्रत्यक्ष प्रसारण गर्नुपर्दा समय बिक्री गरिएको स्लट भएता पनि उक्त कार्यक्रमको प्रसारण अवधिमा एन.टि.भि.इटहरीले सुचनाको स्क्रोल, कार्यक्रम प्रसारण, प्रायोजन, प्रत्यक्ष प्रसारण गर्न सक्नेछ । यसरी कार्यक्रम प्रसारण नभएको अवस्थामा आपसी सहमतीमा प्रसारण समय परिवर्तन गरी प्रसारण गर्न सकिनेछ र प्रसारण नभएमा प्रसारण नभएको समय स्लटको शुल्क लिईने छैन ।

छ. तोकिएको कार्यक्रम नियमित स्लटमा नयाँ कार्यक्रम प्राप्त नभई पुरानै कार्यक्रम पुन प्रसारण गर्नुपर्दाको अवस्थामा औचित्य र कारण खुलाई च्यानल प्रमुखको स्वीकृति लिनुपर्नेछ ।

ज. समय खरिद गरी कार्यक्रम प्रसारण गरिरहेका वोलपत्रदाताले संस्थानको कारणले बाहेक अन्य कारणले कार्यक्रम निर्धारित समयमा प्रसारण नभई संस्थानको अनुमति लिई पुनः प्रसारण गराउन चाहेको खण्डमा सो बापत शुल्कमा कुनै छुट दिईने छैन ।

झ. प्रस्तावित विषयवस्तु, गुणस्तरहिन र सम्पादकिय आवद्धता र नीति विपरितका कार्यक्रम प्रसारण गर्न संस्थान वाध्य हुने छैन।

ञ. प्रायोजकहरुको **Tag** सहित कार्यक्रमको प्रोमो प्रसारण गरिनेछ ।

ट. वोलपत्रदाताले संचालन गर्ने कार्यक्रममा पुरस्कार प्रदान गर्ने घोषणा गरेमा कम्तिमा ७ दिन अगाडी नगद वा जिन्सी सामान अग्रीम रुपमा संस्थानमा धरौटी स्वरुप (नगद वा बैंङ्क ग्यारेन्टी) राख्नुपर्नेछ ।

ठ. वोलपत्रदाताले शर्त अनुसार कबोल गरेको कार्यक्रम निर्माण गरी कार्यालय समय सकिनुभन्दा कम्तीमा ३ घण्टा अगाडि निःशुल्क विज्ञापन समय र प्रसारण हुने सामाग्री सहितको टेक्निकल चार्ट निर्माण गरी विज्ञापन र आय लेखा शाखाको दस्तखत सहित कार्यक्रम (digital record) दृश्य संग्रहालय शाखामा र कार्यक्रममा प्रसारण गर्नुपर्ने विज्ञापन तथा विज्ञापन order बिज्ञापन शाखामा बुझाउनु पर्नेछ । प्रसारण नीति बिपरीत तयार गरिएका कार्यक्रमहरु र तोकिएको समयमा प्राप्त हुन नआएका कार्यक्रम (digital record) प्रसारण गरिने छैन । यसरी दोस्रो पक्षको कमजोरीका कारण प्रसारण नभएको कार्यक्रमको प्रसारण सरह शुल्क भुक्तानी प्रथम पक्षले दोस्रो पक्षसंग लिनेछ ।

ड. वोलपत्रदाताले प्रसारणका लागि उपलब्ध गराएको कार्यक्रम पुरै वा कुनै भाग प्रसारण योग्य नभएमा त्यसलाई प्रसारण योग्य बनाई तोकिएको समय भित्र बुझाउनुपर्नेछ ।

ढ. वोलपत्रदाताले प्रसारणका लागि उपलब्ध गराउने कार्यक्रम नेपाल टेलिभिजनले तोकेको फरम्याट बमोजिम हुनु पर्नेछ । सो बमोजिम प्राप्त नभएको कार्यक्रम प्रसारण गर्न प्रथम पक्ष बाध्य हुने छैन ।

ण. कार्यक्रमको प्रसारणको लागि तोकिएको समय विज्ञापन समय समेत भन्दा बढी समय अवधिको कार्यक्रम हुनु हुदैन ।

त. सम्झौता अवधिभर वोलपत्रदाताबाट प्रसारण हुने कार्यक्रम अन्य टेलिभिजन प्रसारण संस्थाबाट प्रसारण गर्न पाईने छैन ।

थ. सामान्यतया कार्यक्रम प्रसारणका लागि तोकेको समय भनेको प्रसारण हुने समयभन्दा १० मिनेट अघि वा पछि सम्मलाई लिन सकिनेछ ।

द. संस्थानले कार्यक्रमको सुरु र अन्त्यमा क्रेडिट टाईटल तथा बीचमा बढीमा तीन पटक क्रेडिट टाईटल र टेलअप निःशुल्क प्रसारण गर्न सक्नेछ । सो भन्दा वढी क्रेडिट टाईटल र टेलअप प्रसारण गर्नु परेमा संस्थानको स्वीकृति लिनुपर्नेछ ।

ध. संस्थानले आवश्यक ठानेमा वोलपत्रदाताले प्रायोजक वा कम्पनीको नाम (Brand Name) वाट कार्यक्रम संचालन गर्न सक्नेछ । वस्तु वा सेवाको नाममा (Branding) गर्न चाहेमा जम्मा शुल्कको १० प्रतिशत थप शुल्क वोलपत्रदाताले संस्थानलाई बुझाउनु पर्नेछ । Brand Name वाट संचालन हुने कार्यक्रमहरुमा सो ब्राण्डको मौलिक रङ्ग, अक्षरले कार्यक्रमको सेट डिजाईन आदिमा प्रतिकुल असर पार्न पाईने छैन ।

न. संस्थानसंग समय खरिद /कार्यक्रम प्रायोजन/ विज्ञापन समय खरिद सम्झौता गरेको विज्ञापन एजेन्सी/संघ/ संस्थाले आफ्नो कार्यक्रम र नेपाल टेलिभिजनको प्रवर्द्धन गर्ने गरी संस्थानको पुर्व स्वीकृतिमा रेडियो/पत्रपत्रिका/होर्डिङ्ग बोर्डमा विज्ञापन राख्न चाहेमा सोको लागत मुल्य हेरी सोही कार्यक्रममा प्रसारण हुने गरी खुद रकमको बढीमा ५ प्रतिशत वरावरको थप बिज्ञापन प्रसारण सुविधा उपलब्ध गराउन सकिनेछ ।

प. फ्रेन्चाइज कार्यक्रम वा अन्य कार्यक्रमहरु प्रसारण गर्ने सम्बन्धमा नेपाल टेलिभिजनसंग समय खरिद गर्ने सम्बन्धित संस्थाले नै प्रतिलिपि अधिकारको जिम्मेवारी लिनुपर्नेछ । साथै समय खरिद गरी वाहिरवाट निर्माण भई प्रसारण भइरहेको कार्यक्रमहरुको प्रतिलिपि अधिकार सम्बन्धमा कुनै विवाद श्रृंजना भएमा सम्वन्धित संस्था/एजेन्सी नै जिम्मेवार हुनेछ ।

## १० सम्झौता कार्यान्वयन

क. संस्थानको प्रचलित ब्यापार निर्देशिकामा उल्लेख भए वमोजिम प्रवर्द्धन प्रोत्साहनको ब्यवस्था, नगद छुट सुविधा र वोलकबोल रकममा १५% ब्यापारिक छुट उपलब्ध गराईनेछ ।

ख. संस्थानले स्वीकृत वोलपत्रदातासंग आ.ब. २०७७/७८ का लागि सम्झौता गर्नेछ र सम्झौता भएको मितिवाट बढीमा १५ दिन भित्र कार्यक्रम प्रसारण गरिसक्नुपर्नेछ ।

ग. स्वीकृत वोलपत्रदाताले संझौता वमोजिम कार्य नगरेमा वा कार्यक्रम छोड्न चाहेमा ब्यापार हेर्ने निकायले सम्झौताको वखत राखेको धरौटी जफतका लागि आयलेखा हेर्ने निकायमा पत्र पठाइ सम्झौता भंग गर्न सक्नेछ । संस्थानको प्रचलित ब्यापार निर्देशिका बमोजिम उधारो सुविधाको सिमा भित्र नरहेमा संस्थानले धरौटी जफत गरी संझौता भंग गर्न सक्नेछ ।

घ. वोलपत्र स्वीकृत भई सम्झौता गर्नुभन्दा अगाडि नियमानुसार पुरानो वाँकी बक्यौता भएमा चुक्ता गरिसकेको वा नियमानुसार उधारो सुविधा भित्र रहेको हुनु पर्नेछ ।

ङ वोलपत्रमा कवोल गरेवमोजिमको भुक्तानी प्रकृया संस्थानको प्रचलित ब्यापार निर्देशिका वमोजिम हुनेछ ।

च. संस्थानको नियमानुसार भुक्तानी प्राप्त नभएका कारणले वा एजेन्सी स्वयंमले सम्झौता अनुरुप कार्य नगरी सम्झौता भंग भएमा खपत नभई वाँकी रहन गएको सम्झौता अनुसारको कुनै पनि विज्ञापन समय पछि उपलब्ध गराईनेछैन ।

## ११ अन्य.

क सम्झौतामा उल्लेखित बुंदाहरुमा वा अन्य बिषयमा कुनै बिबाद भएमा आपसी समझदारीमा बिबादको टुङ्गो लगाईने छ । यसरी समझदारी कायम हुन नसकेको अवस्थामा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

ख कालो सुचीमा परेका एजेन्सी/संघ/सस्था/ब्यक्तिले वोलपत्रमा भाग लिन पाउने छैन । साथै वोलपत्रदाताले सोही ब्यहोराको लिखित घोषणा गर्नुपर्नेछ ।

ग. यस वोलपत्रका शर्तहरु सम्झौताको शर्तहरुको समेत अभिन्न अंग हुनेछन् ।

अनुसूची १

नेपाल टेलिभिजनको कार्यक्रम प्रसारण समय विक्री/नेपाल टेलिभिजनसंग सह निर्माण (**joint production**) गरी प्रसारण गरिने कार्यक्रम/कार्यक्रम प्रायोजनको विवरणपत्र

**( संस्थानले वोलपत्र फारमसाथ उपलब्ध गराउने )**

१. प्रसारण हुने च्यानल : एन.टि.भि.इटहरी

२. प्रसारण हुने कार्यक्रम ......भजन Ts......................

३. प्रसारण हुने कार्यक्रमको अवधि विज्ञापन समय सहित .....२५ मिनेट..........

४. प्रसारण समय र दिन (बार) .....आइतबार देखि शनिबार सम्म...

५. प्रसारण हुने आर्थिक वर्ष - २०७७/०७८

६. उपलब्ध हुने निःशुल्क विज्ञापन समय ( प्रति भाग/प्रतिस्लट ) - ४ मिनेट

७. विज्ञापन समय प्रसारण गरिने ब्रेकहरु - २ पटक

८. संस्थानको विज्ञापन समय रहने वा नरहने ................

९. न्युनतम मूल्य प्रति भाग (मूल्य अभिवृद्धि कर बाहेक )....................३०००।-.........................

१०. प्रसारण समय खरिद गरी प्रसारण गरिने कार्यक्रमको डमी बोलपत्र साथ उपलब्ध हुनुपर्नेछ ।

११. नेपाल टेलिभिजनसंग सह निर्माण (**joint production**) गरी प्रसारण गरिने कार्यक्रमको लागि प्रसारण गरिने /निर्माण गरिने कार्यक्रमको रुपरेखा उपलब्ध हुनुपर्नेछ ।

१२ कार्यक्रमको डमी मुल्यांकन गर्दा देहायका कुराहरुलाई आधार मानिनेछ ।

(क) तोकिए वमोजिमको विषय वस्तु (ख) प्रस्तुती र शैली (ग) श्रब्य (घ) दृष्य (ङ ) ब्यवसायिक कौसल

१३. कार्यक्रमको रुपरेखा मुल्यांकन गर्दा देहायका कुराहरुलाई आधार मानिनेछ ।

(क)तोकिए बमोजिमको विषयवस्तु (ख) प्रस्तुतीकरण (ग) ब्यवसायिक कौसल झल्कीनुपर्ने

अनुसुची २

## बोलपत्रदाताले भर्नुपर्ने आर्थिक विवरण

**न्युनतम रकम भन्दा कम कवोल गरेको वोलपत्र मान्य हुने छैन ।**

( अनुसूची एकमा उल्लेखित बिबरणको आधारमा प्रस्ताव पेश गर्नुहोला )

१. प्रसारण हुने च्यानलः एन.टि.भि.इटहरी

२. प्रसारण गर्ने कार्यक्रम ..............................................................

३. प्रसारण समय र दिन (वार) ......................................................................

४. प्रति दिन /प्रति स्लट वोलकबोल मूल्य ( मु अ.क वाहेक) रु ....................

अक्षरेपी ..........................................................................................................................

५. वार्षिक कूल रकम ( मु अ.क बाहेक) रु....................................

अक्षेरुपी ..............................................................................................

६. वार्षिक वोलकवोल रकमको २.५ प्रतिशत धरौटी बैंक भौचर/ बैंक जमानिपत्र रु. ...........................

अक्षेरुपी............................................................................

७. यस वोलपत्र फारममा उल्लेख गरेका शर्तहरुको पालना गर्न मेरो/हाम्रो मञ्जुरी छ ।

**वोलपत्रदाताको**

दस्तखतः

नामः

ठेगानाः

ईमेलः

फ्याक्सः

मितिः

कार्यालयको नामः

कार्यालयको छापः

**नोट** :- पत्राचारका लागि बिधुतिय माध्यमको ठेगानाहरु भर्नु पर्नेछ ।

## अनुसुची –३

### प्रस्तावदाताले भर्नुपर्ने प्राविधिक जानकारी

१. संस्थानसंग सह निर्माण (**joint production** ) गरी प्रसारण गरिने कार्यकमको हकमा कार्यक्रमको रुपरेखा र प्रसारण समय खरिद गरि प्रसारण गरिने कार्यकमको हकमा **एक भाग कार्यक्रमको डमी** अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

२. संस्थानको प्राविधिक सुविधा उपलब्ध गराउने उल्लेख गरिएको अवस्थामा वाहेक अन्य अवस्थामा आवश्यक पर्ने /नपर्ने खुलाउनुहोस् । आवश्यक पर्ने भएमा संस्थानको नियमानुसार थप शुल्क लाग्नेछ ।

३. संस्थानले प्रस्तावकको कार्यालय आवश्यक परेमा निरिक्षण गर्न सक्नेछ ।

४. प्रस्तावकले आफ्नो प्राविधिक क्षमता, भौतिक साधन श्रोत, जनशक्ति तथा आर्थिक क्षमता तल उल्लेखित विवरण उपलब्ध गराउनु पर्नेछ ।

| क .सं | विवरण | अनुभव/उपलब्ध साधन / जनशक्ति |
|---|---|---|
| १. | कार्यक्रम संचालन अनुभव वर्ष | |
| २. | क्यामेरा , एक्सेसरिज | |
| ३. | सम्पादन उपकरण | |
| ४. | स्टुडियो | |
| ५. | लाईट्स | |
| ६. | क्यामेरा म्यान | |
| ७ | दृश्य सम्पादक | |
| ८. | निर्माता | |
| ९. | रिपोर्टर | |
| १०. | उद्घोषक | |
| ११ | कार्यालय भवन | |
| १२. | सवारी साधन | |

**वोलपत्रदाताको**

दस्तखत

नाम

ठेगाना

मिति

कार्यालयको नामः

कार्यलयको छाप

**आ.ब. ०७७/०७८ को लागि एन.टि.भि.इटहरी कार्यकम प्रायोजन सम्वन्धी वोलपत्रका शर्तहरु :**

**१ वोलपत्र फारम सम्वन्धी जानकारी ।**

क. वोलपत्र फाराम एन.टि.भि.इटहरी, सुनसरीवाट निम्नानुसार शुल्क बुझाई वोलपत्र आव्हानको लागि सूचना प्रकाशित भएको मिति देखि १५ दिन भित्र कार्यालय समय सम्म खरिद गर्न सकिने छ । वोलपत्र फारम खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयसम्म खरिद गर्न सकिनेछ ।

- बार्षिक रु. २० लाखसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु १०००।-(अक्षरेपी एक हजार मात्र )
- बार्षिक रु. २० लाख भन्दा माथि रु २ करोडसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु ३,०००।- (अक्षरेपी तीन हजार मात्र )
- बार्षिक रु. २ करोड भन्दा माथि १० करोडसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु ५,०००।- (अक्षरेपी पांच हजार मात्र)
- बार्षिक रु. १० करोड भन्दा माथि न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु १०,०००।- (अक्षरेपी दश हजार मात्र)

ख. बोलपत्रदाताले समाचारमा बिज्ञापन प्याकेज खरिदका लागि यसैसाथ संलग्न अनुसुचि २ बमोजिमको फारम भर्नु पर्नेछ ।

घ. रितपूर्बकको सिलवन्दी गोप्य प्रस्ताव प्रथम पटक सूचना प्रकाशित मितिले १५ औ दिनको भोलिपल्ट दिनको १२.०० बजे सम्ममा एन.टि.भि.इटहरी, सुनसरीमा दर्ता गराईसक्नु पर्नेछ । पेश भएका वोलपत्रहरु सोहि दिनको २:०० वजे संस्थान तथा बोलपत्रदाताको प्रतिनिधिको उपस्थितिमा वोलपत्र खोलिनेछ । वोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा परेको मानिने छैन । सिलवन्दी गोप्य प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन तोकिएको समयसम्ममा प्रस्ताव दर्ता तथा वोलपत्र खोल्ने काम गरिनेछ ।

**२. बोलपत्रसाथ पेश गर्नु पर्ने कागजातहरुः-**

(क) नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको फर्म, साझेदारी वा कम्पनी संचालन ईजाजतको प्रमाणपत्रको नोटरीवाट प्रमाणित छाँया प्रति ।

(ख) फर्म, साझेदारी वा कम्पनीको शेयरपुंजी संरचना खुल्ने कागजातको नोटरीवाट प्रमाणित छायाँ प्रति ।

(ग) साझेदारी वा कम्पनी भए सम्बन्धीत साझेदारहरु वा संचालकहरुको नाम ठेगाना खुलेको कागजपत्रको नोटरीवाट प्रमाणित छायाँ प्रति ।

(घ) नेपाल टेलिभिजनमा एजेन्सी दर्ता/नविकरण गरेको भए सोको प्रमाणको नोटरीवाट प्रमाणित छायाँ प्रति ।

(ङ) मुल्य अभिवृद्धिकर, PAN दर्ता प्रमाणपत्र र आ.व. २०७५।७६ को कर चुक्ता गरेको कर कार्यालयवाट प्रदान गरिएको कर चुक्ता प्रमाणपत्र वा आय विवरण पेश गरेको कागजातको नोटरीवाट प्रमाणित छायाँ प्रति ।

(च) वोलपत्रदाता कम्पनी भए वोलपत्र पेश गर्न र सम्झौतामा हस्ताक्षर गर्ने अधिकार प्राप्त आधिकारीक ब्यक्ति तोकिएको कम्पनीको माइन्युटको नोटरीवाट प्रमाणित प्रतिलिपि र अख्तियारनामा वा फर्म वा साझेदार भए प्रतिनिधि तोकिएको पत्र।

(छ) अधिकार प्राप्त ब्यक्तिको नागरिकताको प्रमाणपत्रको नोटरीवाट प्रमाणित छाँया प्रति र एक प्रति फोटो ।

(ज) कालोसूचीमा नरहेको ब्यहोराको स्वंयम घोषणा पत्र ।

**३. वोलपत्र मान्य हुने अवधिः-**

वोलपत्र मान्य हुने अवधि वोलपत्र पेश गर्ने अन्तीम मिति देखि ९० दिन रहनेछ ।

**४. धरौटि र**कमः-

वोलपत्रदाताले प्रस्ताव साथ वोलकवोल गरेको कुल वार्षिक रकमको दुई दशमलव पाँच प्रतिशत धरौटि वोलपत्र साथ पेश गर्नु पर्ने छ । धरौटी वापतको रकम सिलवन्दी वोलपत्र साथ संस्थानको नेबिल बैंक लि.इटहरीमा रहेको चल्ती खाता नं

००९०१०१७५०१७३२ मा जम्मा गरेको सक्कल प्रति भौचर वा वोलपत्र खोल्ने मितिले कम्तीमा १२० दिन म्याद भएको वाणिज्य बैंकबाट जारि भएको bid security पेश गर्नुपर्नेछ । वोलपत्रदाताले छुट्टा छुट्टै वोलपत्रको लागि छुट्टा छुट्टै धरौटी पेश गर्नुपर्नेछ ।

**५. निम्नलिखित रीत नपुगेको वोलपत्रमा कारबाही गरिने छैन ।**

क) वोलपत्रदाताले सम्वन्धित कार्यालयबाट खरीद गरेको वोलपत्र फारम भरी नआएको ।

ख) सिलबन्दी भई नआएको ।

ग) म्यादभित्र पेश हुन नआएको ।

(घ) वोलपत्र पेश गर्ने अधिकार प्राप्त आधिकारिक व्यक्तिको सहिछाप भई नआएको वा केरमेट भएको ठाँउमा प्रमाणित भई नआएको ।

(ङ) वोलपत्र आव्हान गरेको सूचना बमोजीम जमानत (धरौटी) वापतको रकम संलग्न नभएको ।

(च) बोलपत्रमा उल्लेख गरिएका शर्तहरु पूरा नगरिएका तथा थप शर्त राखि पेश गरिएको ।

(छ) वोलपत्रदाताबाट स्वार्थ वाझिने (Conflict of interest) भएमा वा जालसाजि गरेको ।

(ज) कुनै वोलपत्रदाताले आपसी मिलेमतो गरी वोलपत्र दाखिला गरेको ।

**६ नेपाल टेलिभिजनसंग सुरक्षित अधिकार :-**

प्राप्त प्रस्तावहरु कारण जनाई वा नजनाई नै स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने, वा पूर्ण रुपमा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नेपाल टेलिभिजनमा सुरक्षित रहनेछ । ,

**७ बोलपत्रदाताको लागि आवश्यक शर्तहरु**

क. वोलपत्रदाताले यसै साथ संलग्न अनुसूची १ (एक) मा उल्लेखित विवरण र यस वोलपत्र फारममा उल्लेखित शर्तहरुको आधारमा यसै साथ संलग्न अनुसूची २(दुई) वमोजिम प्रस्ताव पेश गर्नुपर्नेछ ।

ख . कबोल रकममा भिन्नता देखिएमा प्रति इकाई दरलाई मान्यता दिईनेछ । अंक र अक्षरमा लेख्दा रकम फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

ग. बोलकवोल अंकमा प्रचलित ऐन नियमानुसारको मूल्य अभिबृद्धि कर थप लाग्नेछ ।

घ. प्राविधिक रुपमा उपयुक्त र आर्थिक रुपमा अधिकत्तम वोलकवोल गर्ने रितपूर्वक प्राप्त सारभुतरुपमा प्रभावग्राही वोलपत्रदाताको वोलपत्र छनौट गरिनेछ ।

ङ बोलपत्रदाताले वोलपत्र स्वीकृत गर्ने आसयको सूचना सार्वजनिक भएको ७ दिन भित्र वोलपत्र सम्बन्धी निर्णयमा चित्त नबुझेमा सो निर्णय विरुद्ध पुनरावलोकनका लागि संस्थान प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

च. खण्ड घ. बमोजिम वोलपत्र स्वीकृत गर्ने आसयको सूचनाको विवरणमा वोलपत्रदाताको नाम, ठेगाना र रकमको जानकारी संस्थानको सूचना पाटीमा टाँस गरिनेछ, संस्थानको वेभसाईटमा राखिनेछ र स्थानीथ दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

छ. वोलपत्र स्वीकृत गर्ने आसयको सूचना सार्वजनिक भएको ७ दिन भित्र कुनै बोलपत्रदाताले निर्णय पुनरावलोकनका लागि निवेदन नगरेमा छनोट भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत भएको मानिनेछ र निजलाई ७ दिन भित्र सम्झौता गर्नका लागि कार्यसम्पादन जमानत दाखिला गर्न सूचना दिईनेछ । वोलपत्रदाताले न्यूनतम मूल्य भन्दा पन्ध्र प्रतिशतसम्म बढी अंक कबोल गरेमा बार्षिक कबोल अंकको ५ प्रतिशत र न्यूनतम मूल्यको पन्ध्र प्रतिशत भन्दा बढी कबोल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति बढी कबोल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबोल अंकको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नुपर्नेछ । यसरी जानकारी गराएको मितिले ७ दिन भित्र बोलकवोल गरेको कुल रकमको धरौटि (जमानत ) वा वोलकवोल गरेको अवधिभर मान्य रहने सो रकम वरावरको बैंक ग्यारेन्टी र आयलेखा शाखावाट जारी भएको नियमानुसारको उधारो सुविधा भित्र रहेको वा भुक्तानी चुक्ता भएको पत्र (Clearance letter) पेश गर्नु पर्नेछ ।

ज. वोलपत्र स्वीकृत भए पश्चात् तोकिएको समयभित्र सम्झौता नगरेमा धरौटी वा bid security बापत राखेको दुई दशमलब पाँच प्रतिशत धरौटी रकम जफत गरी सो भन्दा लगतै पछिको अर्को क्रमशः प्राविधिक रुपमा उपयुक्त र बढी बोलकबोल गर्ने सारभुतरुपमा प्रभावग्राही बोलपत्रदातासँग सम्झौता गरिनेछ ।

**८ कार्यक्रम प्रायोजन वापत पाउने निशुल्क विज्ञापन सम्वन्धमा :-**

क  यसै बोलपत्रको साथ संलग्न बिबरण फाराममा ( अनुसुचि १ ) उल्लेख भए बमोजिम विज्ञापन प्रसारण समय (FCT) पाउनेछ ।

ख  मेघा सो कार्यक्रमको हकमा पुरस्कार व्यवस्थाको लागि संस्थानले आवश्यकता अनुसार यस कार्यक्रममा विज्ञापन प्रसारण गर्न सक्नेछ । प्रायोजक आफैले पुरस्कारको व्यवस्था गर्ने भएमा सो वारे अग्रिम रुपमा संस्थानवाट स्वीकृत गराई सो वापतको थप विज्ञापन प्रायोजकले नै प्रसारण गर्न पाउनेछ ।

ग.  संस्थानले आपसी सहमतिमा नेपाल सरकार तथा सो अन्तर्गतका निकायको विज्ञापन कार्यक्रमको विचमा प्रसारण गर्न सक्नेछ ।

घ.  सम्झौताका आधारमा दैनिक रुपमा उपलब्ध गराइने निःशुल्क विज्ञापन समय भन्दा वढि वा कम खपत भएको अवस्थामा सोहि आ.व. भित्र समायोजन गरिनेछ । साथै आ.व २०७७।७८ भित्र खपत नभएको अवस्थामा कुनै प्रकारको क्षतिपुर्ति दिईने छैन ।

ङ.  सम्झौता अनुसार प्राप्त हुने कुल विज्ञापन समय भन्दा वढी विज्ञापन समय खपत भएमा वढी खपत भएको विज्ञापनको दामासाही (Prorata) का दरले थप विल गरिने छ । यसरी हिसाब गर्दा सम्झौता अनुसारको कुल विज्ञापन समयलाई असार मसान्तसम्मको अवधिलाई आधार मानेर हिसाब गर्ने एवं सो अवधि भन्दा अगाडि नै सम्झौता अनुसारको कुल विज्ञापन समय खपत भएमा सोही अवधिमा दामाशाही (Prorata) को दरले थप विल गरिनेछ ।

च.  वोलपत्रदाताले सम्झौता अनुसार प्राप्त गर्ने विज्ञापन समय सोही सम्झौता अनुसारको प्रायोजित कार्यक्रम, समाचार प्याकेज, समय खरिद गरी प्रसारण गरेको कार्यक्रममा खपत हुन नसकेको अवस्थामा वोलपत्रदाताले आफुले खरिद गरेको सोही च्यानलको जुनसुकै समयमा वा सोही च्यानलको खाली रहेको समयमा खपत गर्न पाउने गरी नगदमा मूल्यांकन ( Cash Value) का आधारमा आ. ब २०७७।७८ को असार मसान्तसम्मको अवधि सम्मको लागि समायोजन ( Cross Banking ) उपलब्ध गराईनेछ । तर वार्षिक सम्झौतामा उल्लेख भएको FCT को कम्तिमा ३०% विज्ञापन सोही कार्यक्रममा खपत गर्नुपर्नेछ । संस्थानका कुनै च्यानलमा खपत गर्ने गरी भएको सम्झौता अनुसारको विज्ञापन समय सोही च्यानलमा खपत नभई संस्थानको अर्को च्यानलमा समायोजन (Cross channel Banking ) गर्दा ५० प्रतिशत भन्दा वढी समायोजन गर्न पाइने छैन ।

छ.  अतिरिक्त शुल्क तिरेर प्रसारण गरिने विज्ञापन समय एवं सम्झौता अनुसार प्राप्त हुने विज्ञापन समय समेत कुल कार्यक्रम समयावधिको ४०% समय भन्दा बढी नहुने गरी विज्ञापन प्रसारण गर्न सकिनेछ । ४०% भन्दा वढी विज्ञापन प्रसारण गर्नु पर्ने अवस्था आएमा च्यानल प्रमुखको स्वीकृित लिई थप गर्न सकिनेछ ।

ज.  वोलपत्रदाताले कार्यालय समय सकिनुभन्दा कम्तीमा ३ घण्टा अगाडि यस सम्झौता अनुसार प्रसारण गर्नुपर्ने विज्ञापन सामाग्री तथा विज्ञापन Order विज्ञापन शाखामा बुझाउनु पर्नेछ । तोकिएको समयमा प्राप्त हुन नआएका विज्ञापनहरु प्रथम पक्ष प्रसारण गर्न वाध्य हुने छैन ।

झ.  कार्यक्रम प्रायोजन गरे बापत नेपाल सरकारलाई बुझाउनु पर्ने करको दायित्व दोस्रो पक्षको हुनेछ ।

ञ. वोलपत्रदाताले प्रसारणका लागि उपलब्ध गराएको बिज्ञापन संस्थानको बिज्ञापन प्रसारण नीति अनुरुप प्रसारण योग्य हुनु पर्नेछ ।

ट. संस्थानले आवश्यक ठानेमा वोलपत्रदाताले प्रायोजक वा कम्पनीको नाम (Brand Name) वाट कार्यक्रम संचालन गर्न सक्नेछ । वस्तु वा सेवाको नाममा Branding गर्न चाहेमा जम्मा शुल्कको १० प्रतिसत थप शुल्क वोलपत्रदाताले संस्थानलाई बुझाउनु पर्ने छ । Brand Name वाट संचालन हुने कार्यक्रमहरुमा सो ब्राण्डको मौलिक रङ्ग, अक्षरले कार्यक्रमको सेट डिजाईन आदिमा प्रतिकुल असर पार्न पाईने छैन ।

ठ. संस्थानसंग समय खरिद /कार्यक्रम प्रायोजन/ विज्ञापन समय खरिद सम्झौता गरेको विज्ञापन एजेन्सी/संघ/ संस्थाले आफ्नो कार्यक्रम र नेपाल टेलिभिजनको प्रवर्द्धन गर्ने गरी संस्थानको पुर्व स्वीकृतिमा  रेडियो/पत्रपत्रिका/होर्डिङ्ग बोर्डमा विज्ञापन राख्न चाहेमा सोको लागत मुल्य हेरी सोही कार्यक्रममा प्रसारण हुने गरी खुद रकमको बढीमा ५ प्रतिशत वरावरको थप बिज्ञापन प्रसारण सुविधा उपलब्ध गराउन सकिनेछ ।

९  **कार्यक्रम प्रसारण सम्वन्धमा :-**

क. समय उपलब्ध भएसम्म संस्थानको सुविधा अनुसार Prime Time का कार्यक्रमहरुलाई (बेलुका ७:०० बजे देखि १०:००बजेसम्मका) सम्भव भएसम्म संस्थानले अन्य समयमा विज्ञापन समय सहित निशुल्क पुनः प्रसारण गर्न सक्नेछ । यसरी पुनः प्रसारण गरिने कार्यक्रमहरु कारणवश प्रसारण नभएको अवस्थामा कुनै प्रकारको क्षतिपूर्ति दिइने छैन । अन्य स्लटका कार्यक्रमको हकमा एन.टि.भि.इटहरीको सुविधा अनुसार आवश्यकता र औचित्य हेरी पुनःप्रसारण गर्न सकिनेछ ।

ख. वोलपत्र प्रस्ताव स्वीकृत भई सम्झौता भईसके पश्चात प्रसारण भईरहेको कार्यक्रमको स्वीकृत कार्यक्रम भन्दा फरक कार्यक्रमलाई समय उपलब्ध गराउनु पर्दा वा प्रसारण भईरहेको कार्यक्रमको Format र नाम परिवर्तन गर्नुपरेमा च्यानल प्रमुखको स्वीकृतिमा गर्न सकिनेछ ।

ग. नेपाल टेलिभिजन राष्ट्रिय प्रसारण संस्था भएकोले अति महत्वपूर्ण सूचना तुरुन्तै जन समक्ष पुऱ्याउनु वा महत्वपूर्ण विशेष कार्यक्रमहरु प्रसारण गर्नु पर्दा वा प्रत्यक्ष प्रसारण गर्नु पर्दा प्रायोजन गरिएको कार्यक्रम भएता पनि उक्त कार्यक्रमको प्रसारण अवधिमा नेपाल टेलिभिजनले सुचनाको स्कोल, कार्यक्रम प्रसारण, प्रत्यक्ष प्रसारण गर्न सक्नेछ । यसरी कार्यक्रम प्रसारण नभएको अवस्थामा आपसी सहमतीमा प्रसारण समय परिवर्तन गरी प्रसारण गर्न सकिनेछ र प्रायोजन प्रसारण नभएमा प्रसारण नभएको अवधिको शुल्क लिईने छैन ।

घ. प्रायोजकहरुको **Tag** सहित कार्यक्रमको प्रोमो प्रसारण गरिनेछ ।

ङ. सामान्यतया कार्यक्रम प्रसारणका लागि तोकेको समय भनेको प्रसारण हुने समयभन्दा १० मिनेट अघि वा पछि सम्मलाई लिन सकिनेछ ।

च. संस्थाले कार्यक्रमको सुरु र अन्त्यमा क्रेडिट टाईटल तथा बीचमा बढीमा तीन पटक क्रेडिट टाईटल र टेलअप निःशूल्क प्रसारण गर्न सक्नेछ । सो भन्दा वढी क्रेडिट टाईटल र टेलअप प्रसारण गर्नु परेमा संस्थानको स्वीकृति लिनुपर्नेछ ।

**१० सम्झौता कार्यान्वयन**

क. संस्थानको प्रचलित ब्यापार निर्देशिकामा उल्लेख भए वमोजिम प्रवर्द्धन प्रोत्साहनको व्यवस्था, नगद छुट सुविधा र वोलकबोल रकममा १५% ब्यापारिक छुट उपलब्ध गराईनेछ ।

ख. संस्थानले स्वीकृत वोलपत्रदातासंग आ.ब. २०७७/७८ का लागि सम्झौता गर्नेछ र सम्झौता भएको मितिवाट बढीमा १५ दिन भित्र कार्यक्रम प्रसारण गरिसक्नुपर्नेछ ।

ग. स्वीकृत वोलपत्रदाताले संझौता वमोजिम कार्य नगरेमा वा कार्यक्रम छोड्न चाहेमा ब्यापार हेर्ने निकायले सम्झौताको वखत राखेको धरौटी जफतका लागि आयलेखा हेर्ने निकायमा पत्र पठाइ सम्झौता भंग गर्न सक्नेछ । संस्थानको प्रचलित ब्यापार निर्देशिका बमोजिम उधारो सुविधाको सिमा भित्र नरहेमा संस्थानले धरौटी जफत गरी संझौता भंग गर्न सक्नेछ ।

घ. वोलपत्र स्वीकृत भई सम्झौता गर्नुभन्दा अगाडि नियमानुसार पुरानो वाँकी बक्यौता भएमा चुक्ता गरिसकेको वा नियमानुसार उधारो सुविधा भित्र रहेको हुनु पर्नेछ ।

ङ वोलपत्रमा कवोल गरेवमोजिमको भुक्तानी प्रकृया संस्थानको प्रचलित ब्यापार निर्देशिका वमोजिम हुनेछ ।

च. संस्थानको नियमानुसार भुक्तानी प्राप्त नभएका कारणले वा एजेन्सी स्वयंमले सम्झौता अनुरुप कार्य नगरी सम्झौता भंग भएमा खपत नभई वाँकी रहन गएको सम्झौता अनुसारको कुनै पनि विज्ञापन समय पछि उपलब्ध गराईनेछैन ।

**११ अन्य**.

क सम्झौतामा उल्लेखित बुंदाहरुमा वा अन्य बिषयमा कुनै बिबाद भएमा आपसी समझदारीमा बिबादको टुङ्गो लगाईने छ । यसरी समझदारी कायम हुन नसकेको अवस्थामा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

ख कालो सुचीमा परेका एजेन्सी/संघ/सस्था/व्यक्तिले वोलपत्रमा भाग लिन पाउने छैन । साथै वोलपत्रदाताले सोही ब्यहोराको लिखित घोषणा गर्नुपर्नेछ ।

ग. यस वोलपत्रका शर्तहरु सम्झौताको शर्तहरुको समेत अभिन्न अंग हुनेछन् ।